नेपाल पत्रकार महासंघ
Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति, सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०८१।०२।०६

# प्रेस विज्ञप्ति

समाचार संकलनका क्रममा मकवानपुरमा सञ्चारकर्मीद्वय छवि अनित्य र मञ्जु मैनालीमाथि भएको दुर्व्यवहारको घटनाप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको छ ।

महासंघ बागमती प्रदेश समितिका अनुसार जेठ १ गते मंगलबार हेटौडा उपमहानगरपालिका १४ नम्बर वडा कार्यालयमा एक चेपाङ परिवारको जन्मदर्तामा देखिएको कठिनाइका सम्बन्धमा समाचार संकलन गर्न वडा कार्यालय पुगेका पत्रकारद्वय अनित्य र मैनालीलाई प्रतिक्रिया लिन खोज्दा वडा अध्यक्ष दीपक खड्काले धम्कीपूर्ण भाषा प्रयोग गर्दै दुर्व्यवहार गरेको जनाइएको छ ।

सार्वजनिक सरोकारको विषयमा प्रतिक्रिया लिन खोज्दा सार्वजनिक पदधारी जिम्मेवार व्यक्तिबाट पत्रकारलाई सहजीकरण गर्नुको साटो उल्टो धम्क्याउदै दुर्व्यवहार गरिएको यो घटना अत्यन्त निन्दनीय र प्रेस स्वतन्त्रताविरोधी हर्कत हो । महासंघ संविधानले सुनिश्चित गरेको पत्रकार अधिकारको ख्याल गरी प्रेस स्वतन्त्रताको सम्मान गर्न सम्बन्धित निकायसँग माग गर्दछ ।

रोसन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-5918673/5918763, Fax: +977-1-5914785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org